# शहिद लखन गाउँपालिका

# माई मनकामना पुरस्कार अक्षय कोष स्थापना कार्यविधि,

# २०७५

शहिद लखन गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

घैरुङ्ग, गोरखा

प्रमाणित

प्रमुख प्रशासकीय अधिकृत

## शहिद लखन गाउँपालिका

### माई मनकामना पुरस्कार अक्षय कोष स्थापना कार्यविधी - २०७५

**प्रस्तावना** :- धार्मिक सांस्कृतिक तथा पुरातात्विक महत्वका दृष्टिकोणले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा नै लोकप्रिय मनको इच्छा पूरा गर्ने आस्थाकी भगवती माई मनकामनाको लोकप्रियता र प्रसिद्धिलाई स्थापित गर्न र प्रत्येक मानिसको मनमा सकरात्मक धाराणाको निर्माण गर्ने उदेश्य बमोजिम शहिद लखन गाउँपालिकाले माई मनकामना पुरस्कार अक्षय कोष स्थापना गरी शहिद लखन गाउँ पालिका भित्र जन्म स्थान भई पालिका भित्र वा बाहिर रहीगाउँ पालिकाको गरिमालाई उच्च राख्न योगदान पुऱ्याउनु हुने महत्वपूर्ण व्यक्ति तथा संघ संस्थाहरुलाई पुरस्कृत गर्ने उद्देश्य अनुरुप शहिद लखन गाउँलिकाले यो कार्यविधि बनाएको छ।

१. **संक्षिप्त नाम तथा प्रारम्भ** :- (१) यस कार्यविधिको नाम **"माई मनकामना पुरस्कार अक्षय कोष** कार्यविधि २०७५" रहेको छ।

(२) यो कार्यविधि तुरुन्त लागु हुनेछ।

२. **परिभाषा** :- विषय वा प्रसंगले अर्को अर्थ नलागेमा

(क) अक्षय कोष भन्नाले यस कार्यविधि अनुसार पुरस्कार वितरणको लागि कुनै बैंकमा गाउँपालिकाको तर्फबाट राखिएको मौज्दात रकमलाई सम्झनु पदर्छ। कुनै व्यक्ति वा दाताले कोषको निमित्त निसर्त प्रदान गरेको रकम लाई समेत कोष सम्झनु पर्छ।

ख) पुरस्कार भन्नाले यस कार्यविधि बमोजिम प्रदान गरिने माई मनकामना पुरस्कार भन्ने सम्झनु पर्दछ।

ग) समिति भन्नाले यस कार्यविधि बमोजिम पुरस्कार प्रदान गर्ने सम्बन्धमा गठित छनौट तथा सिफारिस समिति भन्ने बुझ्नु पर्दछ।

घ) गाउँ कार्यपालिका भन्नाले शहिद लखन गाउँपालिकाको गाउँ कार्यपालिका भन्ने सम्झनु पर्दछ।

३. **अक्षय कोषको कार्यक्षेत्र** :- गाउँपालिका भित्र जन्म भई गाउँपालिका भित्र वा अन्य क्षेत्रलाई कार्यक्षेत्र बनाई रहेर धर्म, सस्कृति, कला, साहित्य, गीत, संगित, पुरातत्वका क्षेत्रमा उल्लेखनीय कार्य गर्ने संघ संस्था तथा व्यक्तित्वहरु।

४. **अक्षय कोषको रकम** :- अक्षष कोषको रकम न्यूनतम वीस लाख रुपैयाँ हुनेछ ।

५. **पुरस्कारको राशी** :- अक्षय कोषमा रहेको रकमबाट बार्षिक रुपमा आर्जित ब्याजबाट पुरस्कार बितरण हुनेछ ।

६. **छनौट तथा सिफारिस समिति** :-

१) पुरस्कृत हुने व्यक्ति तथा संघ संस्थाको छनौट गरी गाउँ कार्यपालिकालाई सिफारिस गर्न देहाय बमोजिमको एक छनौट तथा सिफारिस समिति रहनेछः

क) अध्यक्ष - गाउँपालिकाका उपाध्यक्ष

प्रमुख प्रशासकीय अधिकृत

ख) सदस्य - सामाजिक विकास समितिका संयोजक

ग) सदस्य - गाउँ कार्यपालिकाले तोकेको गाउँ कार्यपालिकाको एक जना महिला सदस्य

घ) सदस्य - मनकामना क्षेत्र विकास कोषका अध्यक्ष वा प्रतिनिधि

ङ) सदस्य सचिव - प्रमुख प्रशासकीय अधिकृत

२) सिफारिस समितिले गरेको सिफारिसको आधारमा गाउँ कार्यपालिकाको बैठकले पुरस्कृत गर्ने निर्णय गर्नेछ ।

३) छनौट तथा सिफारिस समितिको काम कर्तव्य र अधिकारः

१) छनौट तथा सिफारिसका लागि मापदण्ड तयार गर्ने,

२) पुरस्कृत गर्न व्यक्ति तथा संघ संस्थाको छनौट गर्न आवश्यकता अनुसार सूचना प्रकाशन गर्ने,

३) पुरस्कारको लागि व्यक्ति तथा संघ संस्थाको छनौट गरी गाउँ कार्यपालिकालाई सिफारिस गर्ने,

**७. समितिको पदावधि तथा बैठक प्रकृयाः-**

क) समितिको सबै पदाधिकारीहरुको अवधि पदमा बहाल रहेको अवधिसम्म हुनेछ । मनोनित सदस्यहरुको हकमा मनोनयन गर्ने समितिको निर्णय बमोजिम हुनेछ।

ख) समितिको बैठक आवश्यकता अनुसार बस्नेछ।

ग) समितिको अध्यक्षता अध्यक्षले गर्नेछ, अध्यक्षको अनुपस्थितिमा ज्येष्ठ सदस्यले गर्नेछ ।

घ) समितिले कुनै जानकारी, सल्लाह, सुझाव र परामर्श प्राप्त गर्न आवश्यकता बमोजिम समितिको बैठकमा कुनै व्यक्ति, निकाय वा संघ संस्थाको प्रतिनिधिलाई आमन्त्रित सदस्यको रुपमा बैठकमा बोलाउन सक्नेछ।

ङ) बैठकको गणपुरक संख्या ५१ प्रतिशत मानिनेछ ।

च) बैठकको निर्णय सर्बसम्मतबाट र नभए बहुमतबाट हुनेछ ।

**८. छनौटका लागि सूचना प्रकाशन गर्न सक्ने :-**

क) कार्यविधिले तोकेका क्षेत्रमा योगदान पुऱ्यएको संघ संस्था तथा व्यक्तिलाई पुरस्कार प्रदान गर्न छनौट गरी गाउँ कार्यपालिकालाई सिफारिस गर्न समितिले आवश्यकता अनुसार राष्ट्रिय वा स्थानीय पत्र पत्रिकामा सूचना प्रकाशन गरी सम्बन्धित संघ संस्था वा व्यक्तिले पुऱ्याएको योगदानको बारेमा तथ्य, प्रमाण वा जानकारी सहितको विवरण उपलब्ध गराउन आह्वान गर्न सक्नेछ।

ख) कुनै व्यक्ति वा संस्थाले पुऱ्याएको योगदानको बारेमा समितलाई पूर्व जानाकारी प्राप्त भई उक्त व्यक्ति वा संस्थालाई पुरस्कृत गर्न उपयुक्त हुने विषयमा छनौट तथा सिफरिस समितिका सबै पदाधिकारीहरु सहमत देखिएमा सूच्ना प्रकाशन नगरी पुरस्कार प्रदान गर्ने व्यक्ति वा संघ संस्थाको छनौट गरी गाउँ कार्यपालिकामा सिफारिस गर्न सक्ने छ।

गाउँ कार्यपालिकाको कार्यालय
गोरखा
२०७३

२०७८।११।१२

प्रमुख प्रशासकीय अधिकृत

९. पुरस्कार बितरण – यस कार्यविधिले तोके बमोजिमको पुरस्कार प्रत्येक वर्ष कार्तिक/मंसिर महिनाको गुठी पञ्चमीको अवसरमा बितरण गरिने छ।

१०. बाधा अड्काउ फुकाउः यस कार्यविधिको वारेमा कुनै दुविधा वा अन्यौलता भएमा सो सम्बन्धमा स्पष्ट गर्ने र बाधा अड्काउ फुकाउने अधिकार गाउँ कार्यपालिकामा निहित रहने छ।

मिति २०७५।११।१२ गतेको गाउँ कार्यपालिकाको बैठकबाट पारित भएको व्यहोरा प्रमाणित गर्दछु।

नामः जीवन बहादुर आले मगर

पदः प्रमुख प्रशासकीय अधिकृत

दस्तखतः २०७५/११/१२

प्रमणिकरण मितिः २०७५।११।१२

प्रमुख प्रशासकीय अधिकृत

गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय गोरखा २०७३